क्लबको भवन वर्षौंदेखि कब्जा, आयो स्थानीयको स्वामित्वमा

क्रान्ति साह | *वीरगन्ज*

वीरगन्ज-५ मा सार्वजनिक हितका लागि निर्माण गरिएको नारायणी स्पोर्ट्स क्लबको भवन वर्षौंसम्म निजी स्वार्थले कब्जामा रहँदै आएकोमा अन्ततः वीरगन्ज महानगरपालिका–५ का जनप्रतिनिधिको पहलमा मुक्त गराउँदै स्थानीय समुदायको स्वामित्वमा पुनर्स्थापित गरिएको छ।

आफूलाई पत्रकार, लेखक र सत्यकाराका रूपमा चिनाउँदै आएका वडा नम्बर ५ कै स्थानीय तथा पत्रकार कुमारबन्धु रूपाखेतीले क्लब भवनलाई लामो समयदेखि व्यक्तिगत रूपमा नियन्त्रणमा राख्दै आएको वडाध्यक्ष प्रदीप चौरसियालगायत स्थानीयको आरोप थियो। चौरसियाका अनुसार क्लब भवन सार्वजनिक उद्देश्यका लागि निर्माण गरिएको भए पनि पत्रकार रूपाखेतीले प्रयोग गर्न नदिई कब्जामा राख्दै आएका थिए।

वडाध्यक्ष चौरसियाको नेतृत्वमा वडाका भद्रभलादमी, जनप्रतिनिधि तथा नगर प्रहरीको उपस्थितिमा क्लब भवनको ताल्ला खोल्दै यसलाई औपचारिक रूपमा वडा कार्यालयको मातहतमा ल्याइएको हो। वडा कार्यालयले यसअघि थैरेपटक सार्वजनिक सूचना जारी गर्दै क्लबको चाबी फिर्ता गर्न अनुरोध गरेको थियो। तर लगातार बेयास्ता भएपछि वडास्तरीय छलफल र सर्वसम्मत निर्णयअनुसार प्रत्यक्ष हस्तक्षेप गर्दै सार्वजनिक सम्पत्तिमा नागरिकको स्वामित्व सुनिश्चित गरिएको वडाध्यक्ष चौरसियाले जानकारी दिए।

उनले भने, 'कसैले पनि पत्रकार भएको नाममा सार्वजनिक सम्पत्ति कब्जा गर्न सक्दैन। अरूलाई आरोप लगाउनेहरू आफैं अनैतिक क्रियाकलापमा संलग्न हुनु दुःखद् हो। अब क्लब वडावासीको हितमा, पारदर्शी रूपमा सञ्चालन हुनेछ।'

नारायणी स्पोर्ट्स क्लबको तीन तल्ले भवन पूर्वमुख्यमन्त्री समेत रहेका प्रदेशसभा सदस्य लालबाबु राउत गद्दीको संसदीय विकास कोषमार्फत ८० लाख रुपैयाँको लागतमा निर्माण गरिएको हो। क्लब सञ्चालनका लागि वीरगन्जका समाजसेवी रविविक्रम शङ्ख (शिव राजा) ले जग्गा दान गरेका थिए। भवनको भुइँतल्ला २०८० सालमा र बाँकी २ तल्ला २०८१ सालमा निर्माण सम्पन्न भएको थियो। निर्माण सम्पन्न पछि २०८१ मँसिर १ गते पूर्व मुख्यमन्त्री गद्दीले उद्घाटन गरेका थिए। तर उद्घाटनपछिदेखि नै रूपाखेतीले भवन आफ्नो नियन्त्रणमा राखी संस्थागत उद्देश्यविपरीत प्रयोग गर्दै आएको स्थानीयको आरोप थियो।

- नारायणी स्पोर्ट्स क्लबको तीन तल्ले भवन पूर्वमुख्यमन्त्री समेत रहेका प्रदेशसभा सदस्य लालबाबु राउत गद्दीको संसदीय विकास कोषमार्फत ८० लाख रुपैयाँको लागतमा निर्माण गरिएको हो।
- क्लबको भवन सार्वजनिक उद्देश्यका लागि निर्माण गरिएको भए पनि एक व्यक्तिलेले प्रयोग गर्न नदिई कब्जामा राख्दै आएका थिए।

वडाध्यक्ष चौरसियाको भने, 'हामीले केवल एक भवन मात्र फिर्ता ल्याएका छैनौं, वडावासीको हक, आवाज र गरिमालाई पुनर्स्थापित गरेका हौं।' स्थानीय समुदायले क्लबको पुनर्स्थापनालाई ऐतिहासिक उपलब्धिका रूपमा स्वागत गरेका छन्। क्लब अब सबैका लागि खुला हुने र सामूहिक प्रयोगमा आउने भन्ने विश्वास व्यक्त गरिएको छ।

स्थानीय युवा शुभम यादव भन्छन्, 'कसैले पनि सार्वजनिक सम्पत्तिमा कब्जा जमाएर बसेको अवस्था देख्दा हामी निराश थियौं। अहिले वडा कार्यालयको दृढ निर्णयले हामीलाई गर्वको अनुभूति भएको छ।' अर्का स्थानीय नागरिक गीता देवी भन्छिन्, 'अब हामी छोराछोरीलाई आफ्नो टोलमै खेलकुद र सिर्जनात्मक क्रियाकलापमा सहभागी हुने अवसर मिल्ने भयो। क्लब साँच्चिकै अब समुदायको निधि बन्नेछ।'

यता क्लब कब्जाको आरोप लगाइएका वडा नम्बर ५ कै स्थानीय तथा पत्रकार रूपाखेतीले भने आफ्ले क्लब कब्जा गरेको भन्ने आरोप निराधार रहेको दाबी गरे। पूर्वमुख्यमन्त्री लालबाबु राउतको पालामा ८० लाख रुपैयाँको बजेटमा क्लबको भवन निर्माण गरिएको भन्दै उनले वडाध्यक्ष चौरसियाले गत जेठ ३१ गते नगर प्रहरीको जत्था ल्याएर क्लबको ताल्ला तोडेको बताए।

आफूसँग पनि कुनै सल्लाह पनि नगर प्रहरीको जत्था ल्याएर ताला तोडेकोमा आफ्नो र वडावासीको विरोध रहेको उनले बताए। क्लबको समिति अहिले गठनको प्रक्रियामै रहेका बेला हतास मानसिकतामा रहेका वडाध्यक्ष चौरसियाले नै क्लब कब्जा गर्न खोजेको आरोप लगाए।

सरकारको एक वर्ष सफल : एमाले

अन्नपूर्ण | *काठमाडौं*

एमाले केन्द्रीय सचिवालयले वर्तमान सरकारको एक वर्षको अवधि सन्तोषजनक, सफल र प्रभावकारी भएको मूल्यांकन गरेको छ।

प्रधानमन्त्री एवं पार्टीका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा बुधबार ललितपुरको ध्यासल्लस्थित केन्द्रीय कार्यालयमा बसेको बैठकले ठूला दलको सहभागितामा गठित सरकारले स्थिरता कायम गर्दै आफ्नो गन्तव्यमा प्रभावकारिता वृद्धि गर्दै लगेको निष्कर्ष निकालेको छ। उपमहासचिव प्रदीपकुमार ज्ञवालीले सरकारले सुशासन र सेवा प्रवाहका क्षेत्रमा ध्यान दिनुपर्नमा जोड दिएको बताउँदै दैलेखमा मिर्वेन ग्यासको उत्खननको प्रारम्भिक प्रतिवेदन आउनुलगायत काम थप उपलब्धिका विषय भएको निचोड निकालेको जानकारी दिए। बैठकको निर्णय सार्वजनिक गर्दै उपमहासचिव ज्ञवालीले उमेर हदको विषय विधान महाधिवेशनले टुंगो लगाउने बताए। एमालेको विधान महाधिवेशन भदौ २० देखि २२ गतेसम्म हुँदैछ।

महाधिवेशनमा अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक प्रस्ताव, उपाध्यक्ष विष्णु पौडेलले विधान संशोधन प्रस्ताव र महासचिव शंकर पोखरेलले सांगठनिक प्रस्ताव पेस गर्ने जनाइएको छ। बैठकले पार्टीका नेतृद्वय विन्दा पाण्डे र उषाकिरण तिमल्सेनाको निलम्बन फुकुवा गरेको उपमहासचिव ज्ञवालीले बताए। यसअघि एमालेले स्थायी कमिटी सदस्य पाण्डे र केन्द्रीय सदस्य उषाकिरणलाई ६ महिनाका लागि जिम्मेवारी खोसेको थियो। पार्टी कार्यालय निर्माणका विषयमा पार्टीको नीतिविपरीत सार्वजनिक टिप्पणी गरेपछि एमालेले उनीहरूको जिम्मेवारी खोसेको थियो।

अध्यक्ष ओलीले तिरे एमालेको लेबी

प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीको आफ्नो सदस्यता शुल्क र लेबी तिरेका छन्।

उनले पार्टीको केन्द्रीय कार्यालय, ध्यासलको वित्त तथा कोष व्यवस्थापन विभागमा आफै पुगेर आर्थिक दायित्व तिरेका हुन्।

अध्यक्ष ओलीलाई केन्द्रीय कार्यालयका सचिव डा. भीष्म अधिकारी र लेखा प्रमुख राजेन्द्र श्रेष्ठले रसिद बुझाएका थिए।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Federal Urban Development and Building Construction Office Kailali

Invitation for Online-Bids

Date of Publication: 2082/03/12 (26th June, 2025)

Federal Urban Development and Building Construction Office, Kailali invites electronic bids from eligible bidders for the following works under NCB Bidding Procedure (Single Stage Two Envelope). For more details visit *www.bolpatra.gov.np/egp.*

Contract ID	Description of Works	Bid Security Amount (NRs)	Bid Document Fee (NRs)
FUDBCO/KAILALI/ Works/NCB/62-2081/082	Reconstruction of Building for Cottage and Small Industry Office, Dadeldhura.	8,63,000.00	5000

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

यस कार्यालयबाट तपसिलका निर्माण कार्यका लागि प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार EGP नार्फत दाखिला हुन आएका तपशिलका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभुतरुपमा सफल भएकाले सार्वजनिक खरिद नियमावली २०६४को नियम ३१ज को उपनियम ५ बमोजिम उक्त बोलपत्रहरुको आर्थिक प्रस्ताव मिति २०८२/०३/१९ गते दिनको १३:०० बजे खोलिने भएकाले सम्वन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

ठेक्का नं र निर्माण कार्यको नाम	सारभुत रुपमा प्रभावग्राही बोलपत्र दाताहरु
1. FUDBCO/KAILALI/Works/NCB/56-2081/082 Construction of Infrastructure Works at Parshuramdham in Parshuram Municipality -05, Dadeldhura.	1. Harati mata/Kiran/Pasamasta JV Dhangadhi, Kailali. 2. KC/RC/JC JV Bhimdatta 06, Kanchanpur. 3. Design/ Third Floor/Munal JV,Kathmandu.

गभर्नर पौडेलको सम्पत्ति : १५ लाख कित्ता सेयर, ४५ तोला सुन

काठमाडौं (अन्नपूर्ण) : नेपाल राष्ट्र बैंकका गभर्नर विश्वनाथ पौडेलले सम्पत्ति विवरण बुझाएका छन्। राष्ट्र बैंकको गभर्नरमा नियुक्त भएपछि पौडेलले बुझाएको सम्पत्ति विवरणमा ललितपुर र नवलपरासीमा घर र जग्गा, ४५ तोला सुन र १५ लाखका हीराका गहना रहेका छन्। पौडेलको श्रीमती प्रतिभा शर्माको नाममा ललितपुरको सैंबु र नवलपरासी गैंडाकोटमा एक/एकवटा घर र जग्गा छ। प्रतिभाको नाममा ४५ तोला सुन र १५ लाख मूल्यबराबरका हीराका गहना छन्।

बसेंगरी, विभिन्न बैंक वित्तीय तथा सहकारी संस्थामा पौडेल र उनकी श्रीमतीको नाममा २० लाख ६८ हजार ९ सय ५ रुपैयाँ मौज्दात छ। दुवैको नाममा ४ हजार ५ सय १३ अमेरिकी डलर रहेको पनि विवरणमा उल्लेख छ। पौडेलले धितोपत्र, सेयर वा ऋणपत्रमा पनि लगानी गरेका छन्। उनले करिब साढे १५ लाख कित्ता सेयर/ऋणपत्रमा लगानी गरेका छन्। विभिन्न सातवटा कम्पनीहरूमा उनको र श्रीमतीको नाममा १५ लाख ३६ हजार ५ सय ८९ कित्ता सेयर छ।

पौडेलका अनुसार सानिमा बैंक, सानिमा माई हाइड्रोपावर, सानिमा मिडल लमोर हाइड्रोपावर, सँयुक्त ऊर्जा हाइड्रोपावर, चितवन इन्जी लिमिटेड र ग्लोबको प्रालिमा प्रवर्धक र साझेदार सेयर छ। श्रीमतीको नाममा ४४ लाख रुपैयाँबराबरको एउटा सुजुकी गाडी रहेको पनि विवरणमा उल्लेख छ। पुराना गाडी बिक्री र स्वआर्जनबाट उक्त गाडी खरिद गरेको सम्पत्ति विवरणमा उल्लेख छ। विवरणअनुसार पौडेलको नाममा ऋण छैन।

कैदीको मृत्यु

बिराटनगर (अन्नपूर्ण): जिल्ला कारागार मोरङमा सजाय भुक्तान गरिरहेका कैदीको मंगलबार साँझ मृत्यु भएको छ।

लागुऔषध मुद्दाका कैदी मोरङको सुनबर्षी नगरपालिका-२ का २४ वर्षीय उमेश दर्जीको मृत्यु भएको हो। लागुऔषध मुद्दामा दोषी ठहर भएर सजाय भुक्तान गरिरहेका दर्जीको उपचारका क्रममा मोरङको बृद्धीगंगास्थित विराट शिक्षण अस्पतालमा मंगलबार साँझ मृत्यु भएको जानकारी कारागारका जेलर गौरव दुंगेलले बताए। दर्जीलाई ज्वरो आउने र खुट्टा सुन्निने समस्या थियो।

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैंतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना १२ गते बिहीवार)

यस विकास बैंकको शाखा कार्यालय बेनिघाटबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्झनामा बैंकलाग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्मुर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा ऐनी सुरक्षणमा तपाईले लेखिदिएको सम्मुर्ण धन अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ४७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी ऐनी लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्मुर्ण लेना रकम असुल उपर नभएमा प्रचलित कानुन अनुसार कारवाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को काली सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

क) कर्जा शीर्षक : व्यवसायिक आवधिक कर्जा तथा डिमाण्ड लोन

ऋणीको विवरण

नाम : **मार्गी बकाली एण्ड रेष्टुरेण्ट प्रा.लि.** अख्तियार प्राप्त व्यक्ति : दिनेश बस्नेत दर्ता नं. : २९१४७१/०७५/०७६
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता मिति : २०७५/१२/११
ठेगाना : काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १६ स्थायी लेखा नं. : ६०६८०७७६९

व्यक्तिजत धनजमालीकतांहरुको विवरण

१) बल बहादुर बस्नेतको नाति रामहरी बस्नेतको छोरा धाविंद्र जिल्ला बेनिघाट रोराइ गा.पा. वडा नं. ७ बस्ने **दिनेश बस्नेत** (ना.प्र.नं. : २६१/१५५४९ जारी मिति र जिल्ला : २०६४/०५/३१, धाविंद्र)

२) माया नाथ सिल्वालको नाति नन्द राम सिल्वालको छोरा धाविंद्र जिल्ला धुषा वडा नं. ७ हाल, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १६ बस्ने **दुर्गा प्रसाद सिलवाल** (ना.प्र.नं. : १५३६२ जारी मिति र जिल्ला : २०४३/०४/२८, धाविंद्र)

३) रविन्द्र कुमार लखाल श्रेष्ठीको छोरी राम हरी बस्नेतको बुहारी दिनेश बस्नेतको पत्नी स्याङ्जा जिल्ला मनकामना वडा नं. ९ हाल, धाविंद्र जिल्ला बेनिघाट रोराइ गा.पा. वडा नं. ७ बस्ने **रुपा लम्साल श्रेष्ठी** (ना.प्र.नं. : ४२३०१४/२२३ जारी मिति र जिल्ला : २०७०/०२/२३, स्याङ्जा)

४) बल बहादुर बस्नेतको नाति राम हरी बस्नेतको छोरा धाविंद्र जिल्ला धुषा वडा नं. २ हाल, बेनिघाट रोराइ गा.पा. वडा नं. ७ बस्ने **उमेश बस्नेत** (ना.प्र.नं. : २६२६१/२१३७९ जारी मिति र जिल्ला : २०६५/०६/३०, धाविंद्र)

५) पुर्ण बहादुर बस्नेतको नाति बल बहादुर बस्नेतको छोरा धाविंद्र जिल्ला धुषा वडा नं. २ हाल, बेनिघाट रोराइ गा.पा. वडा नं. ७ बस्ने **राम हरि बस्नेत** (ना.प्र.नं. : २/२४६९ जारी मिति र जिल्ला : २०४४/१२/०२, धाविंद्र)

ख) कर्जा शिर्षक : व्यवसायिक आवधिक कर्जा

ऋणीको विवरण

नाम : **भिल्केढोंडा बकाली नेपाली चुल्हो** प्रोप्राइटरको नाम : दिनेश बस्नेत
ना.फा.र.नं. : २७३/९२९३/०७८/०७९
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, बाग्मती प्रदेश धाविंद्रबेसी, धाविंद्र
दर्ता मिति : २०७८/०६/१४
फर्मको ठेगाना : धाविंद्र जिल्ला बेनिघाट रोराइ गा.पा. वडा नं. ५ स्थायी लेखा नं. : ६१६९३३८२४

व्यक्तिजत धनजमालीकतांहरुको विवरण

१) बल बहादुर बस्नेतको नाति रामहरी बस्नेतको छोरा धाविंद्र जिल्ला बेनिघाट रोराइ गा.पा. वडा नं. ७ बस्ने **दिनेश बस्नेत** (ना.प्र.नं. : २६१/१५५४९ जारी मिति र जिल्ला : २०६४/०५/३१, धाविंद्र)

२) बल बहादुर बस्नेतको नाति राम हरी बस्नेतको छोरा धाविंद्र जिल्ला धुषा वडा नं. २ हाल, बेनिघाट रोराइ गा.पा. वडा नं. ७ बस्ने **उमेश बस्नेत** (ना.प्र.नं. : २६२६१/२१३७९ जारी मिति र जिल्ला : २०६५/०६/३०, धाविंद्र)

३) रविन्द्र कुमार लखाल श्रेष्ठीको छोरी राम हरी बस्नेतको बुहारी दिनेश बस्नेतको पत्नी स्याङ्जा जिल्ला मनकामना वडा नं. ९ हाल, धाविंद्र जिल्ला बेनिघाट रोराइ गा.पा. वडा नं. ७ बस्ने **रुपा लम्साल श्रेष्ठी** (ना.प्र.नं. : ४२३०१४/२२३ जारी मिति र जिल्ला : २०७०/०२/२३, स्याङ्जा)

ग) कर्जा शिर्षक : घर कर्जा

ऋणीको विवरण

बल बहादुर बस्नेतको नाति रामहरी बस्नेतको छोरा धाविंद्र जिल्ला बेनिघाट रोराइ गा.पा. वडा नं. ७ बस्ने **दिनेश बस्नेत** (ना.प्र.नं. : २६१/१५५४९ जारी मिति र जिल्ला : २०६४/०५/३१, धाविंद्र)

व्यक्तिजत धनजमालीकतांहरुको विवरण

१) बल बहादुर बस्नेतको नाति राम हरी बस्नेतको छोरा धाविंद्र जिल्ला धुषा वडा नं. २ हाल, बेनिघाट रोराइ गा.पा. वडा नं. ७ बस्ने **उमेश बस्नेत** (ना.प्र.नं. : २६२६१/२१३७९ जारी मिति र जिल्ला : २०६५/०६/३०, धाविंद्र)

२) पुर्ण बहादुर बस्नेतको नाति बल बहादुर बस्नेतको छोरा धाविंद्र जिल्ला धुषा वडा नं. २ हाल, बेनिघाट रोराइ गा.पा. वडा नं. ७ बस्ने **राम हरि बस्नेत** (ना.प्र.नं. : २/२४६९ जारी मिति र जिल्ला : २०४४/१२/०२, धाविंद्र)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600146999, Toll Free No. (Ncell): 18102146999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ